# राष्ट्रिय पर्यवेक्षकहरूका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७३

निर्वाचन आयोगबाट स्वीकृत मिति
२०७३/१२/८

**प्रस्तावना** : स्वतन्त्र र निष्पक्ष ढङ्गवाट स्थानीय तह निर्वाचन सम्पन्न गर्नको लागि पर्यवेक्षकहरुले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले निर्वाचन आयोग ऐन, २०७३ को दफा ६ को उद्देश्य पूर्तिको लागि सरोकारवालाहरुसँग परामर्श गरी निर्वाचन आयोगले सो ऐनको दफा २२ बमोजिम देहायको आचार संहिता बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आचार संहिताको नाम "राष्ट्रिय पर्यवेक्षकहरुका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७३" रहेको छ ।

(२) यो आचार संहिता निर्वाचन आयोगबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "निर्वाचन" भन्नाले स्थानीय तहको निर्वाचन सम्झनु पर्छ ।

(ग) "निर्वाचन पर्यवेक्षण" भन्नाले निर्वाचनको पर्यवेक्षण कार्य सम्झनु पर्छ ।

(घ) "पर्यवेक्षक" भन्नाले निर्वाचनको पर्यवेक्षण गर्न आयोगबाट पर्यवेक्षक परिचयपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले पर्यवेक्षण संघ/संस्थालाई समेत जनाउनेछ ।

(ङ) "पर्यवेक्षण संघ/संस्था" भन्नाले निर्वाचनको पर्यवेक्षणका लागि आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त संघ/संस्था सम्झनु पर्छ ।

३. **आचार संहिता लागू हुने निकाय, संस्था र व्यक्ति** : यो आचार संहिता आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त संघ संस्था र पर्यवेक्षक परिचयपत्र प्राप्त व्यक्तिलाई लागू हुनेछ ।

## परिच्छेद-२
## पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण

४. **पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण** : (१) निर्वाचनको पर्यवेक्षण गर्दा पर्यवेक्षकले देहायका आचरणको पालना गर्नु पर्नेछ :-

(क) पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनु पर्ने,

(ख) मतदानकेन्द्रलगायतका निर्वाचन प्रक्रियामा संलग्न सबै निकायहरूमा जाँदा पर्यवेक्षकले शिष्टाचारको पालना गर्नु पर्ने,

(ग) आफूलाई अनुमति प्राप्त क्षेत्रको मात्र पर्यवेक्षण गर्नु पर्ने,

(घ) निर्वाचन आयोगको सम्मान र प्रतिष्ठामा आँच आउने कुनै कार्य गर्न नहुने,

(ङ) स्वतन्त्र, निष्पक्ष, तटस्थ एवम् वस्तुनिष्ठ ढङ्गलेनिर्वाचन पर्यवेक्षण गर्नु पर्ने,

(च) कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव वा पूर्वाग्रह राख्नु नहुने,

(छ) निर्वाचनका सरोकारवालाहरूलाई आक्षेप लगाउने किसिमको व्यवहार गर्नु, गराउनु नहुने,

(ज) कुनै राजनैतिक दल वा उम्मेदवारको समर्थन वा विरोध हुने गरी पर्यवेक्षकहरूले चिन्ह, व्याच लगाउन वा अन्य कुनै माध्यमद्धारा प्रचार-प्रसार वा प्रदर्शन गर्न गराउन नहुने,

(झ) निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूलाई सल्लाह दिन, सूचना प्रदान गर्न र कानूनको व्याख्या गर्न नहुने,

(ञ) मतदान केन्द्रमा उठेको विवाद समाधान गर्न, निर्वाचन परिणाम प्रमाणित गर्न वा प्रमाण लाग्ने किसिमले वक्तव्य प्रकाशन गर्न गराउन नहुने,

(ट) कुनै मतदान केन्द्रमा मतदान भईरहेको समयमा मतदान कार्यलाई असर पर्ने किसिमको कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न गराउन नहुने,

(ठ) निर्वाचन कार्यमा खटिएका कर्मचारीहरुको कर्तव्य पालनामा असर पार्ने गरी कुनै किसिमको बाधा अड्चन उत्पन्न हुने कुनै कार्य गर्न गराउन नहुने,

(ड) मतदान केन्द्रभित्र मतदान अधिकृतको अनुमति लिएर तोकिएको अवधिभित्र मात्र पर्यवेक्षण गर्नुपर्ने,

(ढ) सुरक्षा संवेदनशीलताको कारण निषेध गरिएका स्थान र मतदान केन्द्रहरुको पर्यवेक्षण गर्नु नहुने,

(ण) पर्यवेक्षण गर्न जाँदा मतदान अधिकृतबाट अनुमति लिएर कामसँग सम्बन्धित उपकरण मात्र प्रयोग गर्नु पर्ने,

(त) आवश्यक भएमा मतदातासँग सामान्य जानकारी लिन बाहेक मतदाताको गोप्यता भङ्ग हुने वा मतदानको स्वच्छता र निष्पक्षतामा आँच आउने एवम् मतदान कार्य वा क्षेत्रमा बाधा उत्पन्न हुने किसिमबाट कुनै कार्य गर्न नहुने,

(थ) निर्वाचन अधिकृत वा मतदान अधिकृतले स्वीकृति दिएमा बाहेकमतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियाको तस्वीर खिच्न नहुने,
तर निर्वाचन अधिकृत वा मतदान अधिकृतवाट स्वीकृत पाएको अवस्थामा तस्विर खिच्दा मतदाताले मत सङ्केत गरेको तस्विर खिच्न नहुने ।

(त) निर्वाचन अधिकृत वा निर्वाचन आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्नु गराउनु नहुने,

(थ) निर्वाचन प्रक्रिया सम्बन्धमा ऐन, नियम, निर्देशिकाहरूले व्यवस्थित गरेको प्रावधान बारे सञ्चार माध्यमहरूमा टिका टिप्पणी गर्न नपाउने,
तर ती प्रावधानहरु पालना गर्दा देखिएका त्रुटि, कमजोरीहरूलाई आफ्नो प्रतिवेदनमा औंल्याउन पाउने ।

(द) आफूलाई चाहिने साधन र स्रोतको व्यवस्था आफैं गर्नु पर्ने,

(ध) पर्यवेक्षण अवधिमा सङ्कलन गरेका सूचनाहरू वास्तविक, सत्य र वस्तुनिष्ठ हुनु पर्ने,

(न) निर्वाचन पर्यवेक्षणको समीक्षा गर्दा वा प्रतिवेदन दिँदा निर्वाचन प्रक्रियामा प्रभाव पार्ने समग्र तथ्य र कारणहरूको विश्लेषण गरी यथार्थपरक र फराकिलो दृष्टिकोण राख्नु पर्ने,

(प) मतदान कार्य पूरा भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिन भित्र अन्तिम प्रतिवेदन अनिवार्य रुपमा आयोगमा बुझाउनु पर्ने ।

## परिच्छेद-३
## आचार संहिताको कार्यान्वयन र अनुगमन

६. **अनुगमन गर्न सक्ने** :आयोगले गठन गरी परिचानल गरेको अनुगमन टोलीले यस आचार संहिताको पालना भए नभएको सम्बन्धमा समेत जाँचबुझ वा अनुगमन गरी आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

७. **बाधा अड्काउ फुकाउन सक्ने:** यो आचार संहिताको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आई परेमा आयोगले आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।